# बीमा दावी सम्वन्धी आधारभूत कुराहरु

## क) बीमा दावी प्रक्रिया सम्वन्धी कुराहरु

१) औषधिउपचार बीमा दावीका लागि अनिवार्य रुपमा कम्तिमा ४८ घण्टा अस्पताल भर्नाभई उपचार गराएको हुनुपर्ने,

२) कर्मचारीले आफ्नो बीमा दावीका लागि कागजातहरु पेश गर्दा आफु कार्यरत रहेको कार्यालयमा नै पेश गर्नु पर्ने र कार्यालयले आवश्यक कागजात रहे नरहेको तथा बीमा दावी लाग्ने नलाग्ने पहिचान गरि आवश्यक संपूर्ण कागजातहरु सहित दावी योग्य दावीहरु मात्र सिफारिस सहित कर्मचारी कल्याण महाशाखामा पेश गर्नु पर्ने ।

३) अस्पतालबाट डिस्चार्ज भएको मितिले काठमाण्डौ उपत्यकामा ४५ दिन भित्र र उपत्यका बाहिर ६० दिन भित्र बीमा कम्पनीमा पुग्न सक्ने गरि दावी पेश भएको हुनुपर्ने ।

४) सत् प्रतिशत औषधि उपचार खर्च प्रधिकरणले ब्यहोर्नुपर्ने (कामको सिलसिलामा भएका दुर्घटनाहरुको) औषधिउपचार खर्च तथा थप आर्थिक सहायता माग गर्ने कर्मचारीहरुको सम्वन्धमा औषधि उपचार बीमा दावीका लागि कागजातहरु पेश भएपछि मात्र औषधि उपचार सोधभर्ना थप आर्थिक सहायताकोलागि कारवाही अगाडी बढाउनु पर्ने ।

५) बीमा दावीका लागि कागजातहरु पेश गर्दा दावी योग्य उपचारको लागि मात्र पेश गर्नुपर्ने ।

६) कागजातहरु बीमा दावीकालागि पेश गर्नु भन्दा पहिला सम्वन्धित कार्यालयले नै आवश्यक कागजातहरु संलग्न रहे नरहेको अनिवार्य रुपमा चेक गरि संलग्न कागजातहरुको समरी सहित पेश गर्नु पर्ने ।

७) बीमा दावीका लागि पेश भएका संपूर्ण कागजातहरुको प्रतिलिपि दावी फछ्र्यौट नभए सम्मका लागि दावीकर्ताले आफुसंग सुरक्षित राख्नु पर्ने ।

## ख) बिमा दावीका लागि आवश्यक कागजातहरु:

### अ. दुर्घटनाका कारण कर्मचारीको मृत्यू भएको अवस्थामा वीमा दावीका लागी आवश्यक कागजातहरु:

१) आवश्यक बिबरण भरिएको वीमा दावी फाराम

२) कार्यालयले तयार पारेको दुर्घटना प्रतिवेदन

३) शव परिक्षण प्रतिवेदन

४) दुर्घटनाको प्रहरी प्रतिवेदन

५) मृत्यू दर्ता प्रमाणपत्र

६) मृतकको नागरिकताको प्रतिलिपि

७) हकवाला संगको नाता प्रमाणपत्र

**आ. कर्मचारी दुर्घटनामा परी औषधि उपचार गराएको अवस्थामा वीमा दावीका लागी आवश्यक कागजातहरुः**

१) आवश्यक बिबरण भरिएको वीमा दावी फाराम

२) औषधी उपचारका सम्पूर्ण सक्कल कागजात तथा बीलहरु (Facture Case मा X-Ray Plate समेत)

३) कार्यालयले तयार पारेको दुर्धटना प्रतिवेदन (कार्यालयको कामको शिलशिलामा दुर्घटनामा परेको अवस्थामा मात्र)

४) दुर्घटनाको प्रहरी प्रतिवेदन (कार्यालयको कामको शिलशिलामा दुर्घटनामा परेको अवस्थामा मात्र)

**इ. पारिवारिक औषधि उपचार वीमा दावीका लागी आवश्यक कागजातहरु :**

१) आवश्यक बिबरण भरिएको वीमा दावी फाराम

२) अस्पताल वा नर्सिङ्गहोममा भर्ना हुँदाको भर्ना टिकट

३) अस्पताल वा नर्सिङ्गहोम भर्ना भइ डिस्चार्ज भएको डिस्चार्ज समरी

४) उपचारका सक्कल Prescription, Requisition र Reports

५) खर्चको सक्कल डिस्चार्ज बील र अन्य सक्कल बीलहरु

६) Cardex (Hospital Nurse Record)

७) कर्मचारी संगको नाता प्रमाणपत्र (परिवारका अन्य सदस्यको हकमा)

८) उमेर खुलेको प्रमाणपत्र (छोरा/छोरीको हकमा)

**ई. औषधि उपचार बिमा दावी नलाग्ने उपचारहरु**

१) असाध्य (Non-curable) रोगको उपचार (जस्तै Cancer को उपचार)।

२) यौन रोगको उपचार ।

३) अन्य ब्यक्तिको प्रहारबाट लागेको चोटको उपचार ।

४) गर्भाबस्थामा गरिएको गर्भ सम्बन्धि उपचार ।

५) प्रशुती सम्बन्धि उपचार ।

६) निःशुल्क उपचार सेवा उपलब्ध रोगको उपचार ।

७) अस्पताल भर्ना नभई गरिएको उपचार ।

९) आत्महत्याको प्रयासका कारण गर्नु परेको उपचार ।

१०) लागु औषध तथा अत्यधिक मदिरा सेवनका कारण लागेको रोगको उपचार ।

११) प्राकृतिक चिकित्सा पद्धति द्वारा गरिएको उपचार ।

१२) मानसिक रोगको उपचार ।

१३) कस्मेटिक उपचार ।

१४) अंग प्रत्यारोपण संग सम्बन्धित उपचार ।

१५) परिवार नियोजन संग सम्बन्धित उपचारहरु ।

१६) बिदेशमा गरिएका उपचारहरु *(भारत संग सिमाना जोडिएका पहाड तथा तराइका जिल्लामा कार्यरत कर्मचारीहरुको हकमा उक्त क्षेत्रमा (नेपालमा) उपचार गराउन सेवा उपलब्ध नहुने भई नेपालको चिकित्सकले रिफर गरी भारतमा गरिएको उपचारमा बाहेक)* ।

१७) बीमाको नियमानुसारका अन्य उपचारहरु ।

**उ. औषधि उपचार संग सम्बन्धित तर बिमा दावी नलाग्ने खर्चहरुः**

१) एम्बुलेन्स खर्च ।

२) भर्ना हुनु भन्दा पहिले सेवन गरेको औषधि खर्च ।

३) फ्लोअपबाट सिफारिस भएको औषधि उपचार खर्च ।

४) पौष्टिक आहार सम्वन्धी खर्च ।

५) एउटै परिक्षण धेरै पटक गरिएको अवस्थामा अन्तिम एक पटक भन्दा बढि परिक्षणको खर्च ।

६) चिकित्सकको सिफारिस भन्दा फरक किसिमको औषधि खरिद तथा ल्याब परिक्षण खर्च ।

७) शरिरको बाहिरी वा भित्री भागमा जडान हुने उपकरण खरिद खर्च ।

८) रिपोर्ट बिनाको रोग पहिचानको लागि गरिएको खर्च ।

९) प्रेस्कृप्शन बिनाको औषधी किनेको खर्च

१०) बीमाको नियमानुसारका अन्य खर्च

## ऊ. बिमा दावी रद्ध हुने अवस्थाहरुः

१) कागजातहरु ढिलो गरि प्राप्त हुन आएको अवस्थामा ।

२) औषधि उपचार बिमा दावी नलाग्ने किसिमको औषधि उपचार गराएको अवस्थामा ।

३) छोरा/छोरीको हकमा २१ वर्ष उमेर नाघेको भएमा ।

४) नक्कली कागजातहरु संलग्न (थप) गरि बिमा दावीका लागि पेश गरेको अवस्थामा ।

५) माग गरिएको थप कागजात तोकिएको समयावधी भित्र प्राप्त हुन नसकेको अवस्थामा ।